बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड १ अंकः २ जेष्ठ, १९ गते २०८० साल (संख्याः ११)

भाग-२

नगर कार्यपालिकाको मितिः २०८०/०२/०५ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

"बर्दघाट नगरपालिकाको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि २०८०"

**प्रस्तावना :**

बर्दघाट नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्ने प्रयोजनका लागि हाल कार्यरत प्रधानाध्यापक र शिक्षकहरूलाई जिम्मेवार बनाई जवाफदेहिता प्रवर्द्धन गरी उनीहरूको जिम्मेवारीलाई हेरफेर गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) को खण्ड ११ तथा बर्दघाट नगरपालिकाको शिक्षा ऐन, २०७७ (पहिलो संशोधन, २०७९) को दफा ५७ (ष) बमोजिम दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले बर्दघाट नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. सम्क्षिप्त नाम प्रारम्भः

(क) यो कार्यविधिको नाम "बर्दघाट नगरपालिकाको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

क) "ऐन" भन्नाले नगर शिक्षा ऐन, २०७७ (पहिलो संशोधन, २०७९) लाई सम्झनुपर्छ।

ख) "कार्यदल" भन्नाले शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि दफा ६.१ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

ग) "कार्यविधि" भन्नाले बर्दघाट नगरपालिकाको "दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०" सम्झनुपर्छ।

घ) "आधारभूत तह" भन्नाले कक्षा १ देखि ८ सम्म संचालन भएको विद्यालयहरू सम्झनुपर्छ।

ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि १२ सम्म संचालन भएको विद्यालयहरू सम्झनुपर्छ।

च) "वालविकास" भन्नाले सम्बन्धित निकायबाट अनुमति र कोटा प्राप्त गरी ३ देखि ४ वर्ष उमेर समूहका बालवालिकाहरुको कक्षा सञ्चालन भएको विद्यालयहरू सम्झनुपर्छ।

छ) "काज" भन्नाले हाल कार्यरत विद्यालयमा दरवन्दी राखी तवब भत्ता काजमा खटिएकै विद्यालयबाट पाउने गरी निश्चित समयका लागि कामकाज गर्न अर्को विद्यालयमा पठाउने भन्ने सम्झनु पर्छ।

ज) "शिक्षा समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

झ) "व्यवस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

ञ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्छ ।

ट) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनुपर्छ ।

ठ) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने सम्पूर्ण शिक्षकहरु सम्झनुपर्छ र सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ।

ड) "संयोजक" भन्नाले शिक्षा युवा तथा खेलकुद, महिला तथा बालबालिका र स्वास्थ शाखाको विषयगत समितिको संयोजक सम्झनुपर्छ।

ढ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारवाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी, करार, राहत, अनुदान र नगर अनुदान समेतलाई जनाउछ।

ण) "विद्यालय" भन्नाले प्रचलित कानून वमोजिम अनुमति वा स्वीकृतिलिई संचालनमा रहेको सामुदायिक बिद्यालयलाई सम्झनुपर्छ ।

त) अन्य शब्द नियमावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ।



प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

परिच्छेदः २

## शिक्षक सरुवा, काज तथा दरवन्दी मिलान सम्बन्धी व्यवस्थाः

३) शिक्षक सरुवा तथा काज सम्वन्धी व्यवस्था :

१) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

२) आवश्यकतावमोजिम नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षकलाई काज सरुवा गर्न सकिनेछ।

३) साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिने छ।

४) सरुवा भएको एकहप्ता भित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखामा जानकारी गराउनु पर्नेछ।

५) स्थायी दरवन्दीमा रहेका शिक्षक राहत, करार, अनुदानवीच आ-आफनो सुविधा नघटने गरी सरुवा तथा काज सरुवा गर्न सकिनेछ।

६) विद्यालयका शिक्षकहरुको जिम्मेवारी सहित शिक्षकहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सकिनेछ।

७) माथि जे सुकै लेखिएको भएतापनि नगरपालिका भित्रको शैक्षिक व्यवस्थापन एवम् गुणस्तर सुधार गर्न शिक्षक दरवन्दी मिलान र शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने क्रममा आवश्यक पुष्ट्याँइ र तथ्यका आधारमा कार्यालयले नगर शिक्षा समितिको निर्णय अनुसार जुनसुकै बखत शिक्षक तथा प्रधानाध्पकलाई एक विद्यालयबाट अर्को विद्यालयमा काज सरुवा गर्न सकिनेछ।

८) शिक्षक सरुवा तथा काजको अन्य मापदण्ड कार्यपालिकाले तोकेवमोजिम हुनेछ ।

४. शिक्षक दरबन्दी मिलानका आधारहरुः

१) सामान्यतया शिक्षकको दरबन्दी मिलान शैक्षिक सत्रको अषाढ मसान्तभित्र गरिनेछ तर पहिलो पटकका लागि यो नियम बाध्यकारी हुने छैन।

२) शैक्षिक सत्रको अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी संख्याको आधार लिइनेछ।

३) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, राहत तथा नगर अनुदान शिक्षकहरुको संख्यालाई आधारलिई गणना गरिनेछ।

४) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुलाई विद्यालयहरुमा व्यवस्थापन गर्न सकिनेछ।

५) शिक्षक व्यवस्थापनगर्दा सकेसम्म विषयगत समस्या न्यून हुने गरी मिलान गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश

६) विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भई कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् रिक्त हुन आउने कुनै पनि तहको दरवन्दीमा पदपूर्ति एवम् सरुवा गरी ल्याउने कार्य नगर्ने, उक्त दरवन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्नु पर्नेछ ।

७) सामुदायिक विद्यालयको शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गर्दा साविकमा रहेका प्राथामिक तह (कक्षा १ देखि ५) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) लाई आधारका रुपमा लिइनेछ।

८) प्राथमिक तहको दरवन्दी बचत भएको र आधारभुत तह र माध्यमिक तहको दरवन्दी अपुग भएकाले आवश्यक संख्यामा दरवन्दी स्वीकृत हुन नसक्दा सम्म नपुग हुने दरवन्दी हाल प्राथामिक तहमा बढी हुन आउने दरवन्दीबाट पूर्ति गरिनेछ।

९) नगर भित्र रहेका तहगत र विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपात निकाली दरवन्दी मिलान गरिनेछ।

१०) सामुदायिक विद्यालयमा दरबन्दी मिलान कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरवन्दीमा काज सरुवा तथा पदपूर्ति गरिनेछ।

११) कक्षा १ देखि ५ सम्म संचालन भएका विद्यालयमा स्थायी दरबन्दी नभएमा अन्य विद्यालयबाट कटौतीमा परेका दरबन्दी मिलान गरी कम्तिमा एउटा स्थायी दरबन्दीसँग करार, राहत र अनुदान दरबन्दीसँग साटासाट गरी कम्तिमा एउटा स्थायी दरबन्दीको व्यवस्था गर्ने ।

१२) कक्षा ६ देखि ८ सम्म संचालन भएका विद्यालयमा निम्न माध्यमिक तहको स्थायी दरबन्दी नभएमा अन्य विद्यालयबाट करार, राहत र अनुदान दरबन्दीसँग साटासाट गरी एउटा स्थायी दरवन्दीको व्यवस्था गर्ने ।

१३) कक्षा ९ देखि १० सम्म संचालित विद्यालयमा माध्यमिक तहको स्थायी दरबन्दी नभएमा अन्य विद्यालयबाट करार, राहत र अनुदान दरबन्दीसँग साटासाट गरी कम्तिमा एउटा स्थायी दरबन्दीको व्यवस्था गर्ने। त्यसरी साटासाट गर्दा स्थायी शिक्षकलाई स्थानान्तरण गर्ने ।

१४) दरवन्दी मिलानका क्रममा तह अनुसार स्थायी शिक्षकको व्यवस्थापन हुन नसकेमा तह अनुसारको शैक्षिक योग्यता पुगेका शिक्षकहरुको व्यवस्थापन गर्ने।

१५) दरवन्दी मिलान नगर शिक्षा समितिको निर्णयको कार्यान्वयन नगर शिक्षा ऐन अनुसार गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेदः ३

## प्रधानाध्यापक व्यवस्थापनसम्बन्धी व्यवस्था

५. **प्रधानाध्यपकसम्बन्धी व्यवस्थाः** (१) शिक्षक व्यवस्थापन पश्चात् सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको व्यवस्थापन देहायबमोजिम गर्नुपर्ने छ ।

(क) माध्यमिक तह कक्षा (९-१० वा ९-१२) सम्म सञ्चालनमा रहेको सामुदायिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन कार्य गर्दा शिक्षा शास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेका सम्वन्धित विद्यालयमा मौजुदा शिक्षकहरूमध्ये माध्यमिक तहको स्थायी शिक्षकलाई व्यवस्थापन गर्नुपर्ने छ ।

तर शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ।

(ख) आधारभूत तह (कक्षा १-८) सञ्चालनमा रहेका विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन कार्य गर्दा शिक्षा शास्त्र विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेका सम्वन्धित विद्यालयमा मौजुदा शिक्षकहरूमध्ये निम्न माध्यमिक तहको स्थायी शिक्षकलाई व्यवस्थापन गर्नुपर्ने छ ।

(ग) आधारभूत तह (कक्षा १-५) सञ्चालनमा रहेको विद्यालयको प्रधानाध्यापकमा प्राथमिक तहको स्थायी शिक्षकलाई व्यवस्थापन गर्नु पर्नेछ ।

(घ) शिक्षक अभावका कारणले कुनै विद्यालयमा खण्ड (क), (ख) र (ग) बमोजिम प्रधानाध्यापक नियुक्त हुन नसकेमा त्यो भन्दा तल्लो तहमा स्थायी तर सम्बन्धित तहको लागि आवश्यक पर्ने शैक्षिक योग्यता पुगेको शिक्षकलाई प्रधानाध्यापकको कामकाज गर्ने गरी खटाउन बाधा पर्ने छैन । साथै सम्बन्धित तहको स्थायी शिक्षक व्यवस्थापन नभएमा स्थायी शिक्षकलाई राहत वा अनुदान कोटासँग समायोजन गरी स्थायी शिक्षक व्यवस्थापन गर्न सकिने छ ।

(२) कुनै प्रधानाध्यापकलाई निजको कार्यरत विद्यालयमा योग्यता नपुगेमा निजको योग्यता मिल्ने समान तहको अन्य विद्यालयमा प्रधानाध्यापकको रूपमा व्यवस्थापन गरिने छ । प्रधानाध्यापकको रूपमा व्यवस्थापन गर्न नसकिने भएमा अन्य विद्यालयमा व्यवस्थापन गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

## परिच्छेद- ४

## दरबन्दी मिलान कार्यदलको व्यवस्था

६.१ बर्दघाट नगरपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्य गर्न नगर शिक्षा समितिले गठन गरेको तपसिल बमोजिमको दरबन्दी मिलान कार्यदल रहनेछ।

| | |
|---|---|
| क) सामाजिक विकास समितिको संयोजक | संयोजक |
| ख) नगर शिक्षा समितिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना | सदस्य |
| ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

२. कार्यदलको सचिवालय नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ।

३. कार्यालयको सचिवालयको लागि आवश्यक पर्ने स्टेशनरी तथा कम्प्युटरको व्यवस्थापन सम्बन्धित शाखाले व्यवस्था गर्नेछ ।

४. दरबन्दी मिलान कार्यदलको काम कर्तव्य र अधिकारः

(क) शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या दरबन्दी मिलानका लागि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नु पर्ने न्यूनतम विद्यार्थी संख्या एकिन गर्ने र अनुमोदनका लागि नगर शिक्षा समितिमा पेश गर्ने ।

(ख) विद्यालयहरुमा तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित पेश गर्ने।

ग) विद्यालयको आवश्यकता अनुसार विषय परिवर्तन गर्न पनि सकिनेछ।

घ) दरवन्दी मिलानका लागि आवश्यक मापदण्डहरु आवश्यकता अनुसार तय गरिनेछ।

ङ) नगर कार्यपालिकाले दिइएका निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने।

## परिच्छेदः ५

## विविध

७. कार्यविधिको व्याख्या : यस कार्यविधिमा उल्लेखित कुनै विषयमा समस्या उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

८. कार्यविधि संसोधन : यस कार्यविधिका प्रावधानहरुमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

९. शिक्षक स्थानान्तरण भएको स्थानमा जानु पर्नेः यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ ।यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सरुवा भइ सकेको विद्यालयले हाजिर गराउन बाध्य हुनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

१०. विद्यालयले हाजिर गराउनु पर्नेः दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थान्तरणभई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्ने छ। हाजिर नगराएमा विद्यालयको दरबन्दी सहित अन्य विद्यालयमा पठाउन सकिनेछ।

११. प्रधानाध्यापक जिम्मेवार हुनेः यस कार्यविधि बमोजिम दरबन्दी पूनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

१२. बाधा अडकाउ फुकाउः स्थानीय सरकार संचालन ऐन, २०७४, बर्दघाट नगरपालिकाको शिक्षा ऐन २०७७ (पहिलो संशोधन, २०७९) र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यसको अन्तिम निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

आज्ञाले,

(कृष्णप्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**